फोन नं. : ०६७ ४३०१०२/१०३

फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
वानीगाउँ, पर्वत

प.सं.: ०७६/७७
च.नं.

## हार्दिक अनुरोध

आफु पनि बचौं र अरुलाई पनि बचाँऔ भन्ने उद्घोषका साथ कोरोना भाइरसको महामारी नियन्त्रण, रोकथाम तथा प्रभाव न्यूनीकरणका लागि लागू भएको लकडाउनका क्रममा नगरपालिका क्षेत्र भित्र अत्यावश्यक खाद्यान्न र औषधी लगायतका वस्तुहरुको नियमित ढुवानी गर्न नगर कार्यपालिकाले निरन्तर सहजीकरण गरी रहेको छ। यस विपत र संकटको घडीमा सरकार, निजी क्षेत्र र नागरिक समाजको संयुक्त प्रयासबाट नै यस्तो चुनौतिको सामना गर्न सकिनेमा नगर कार्यपालिका दृढ रहेको छ।

बजारमा अत्यावश्यक खाद्यान्न तथा औषधीहरुको नियमित आपूर्ति र विक्रि वितरणको सुनिश्चितताकाको लागि नगर कार्यपालिकाबाट नियमित अनुगमनका साथसाथै भण्डारण तथा ढुवानीमा आवश्यक सहजीकरण भईरहेको छ। नगर कार्यपालिकाले नगर क्षेत्र भित्र संचालित खाद्यान्न, औषधी लगायतका अत्यावश्यक वस्तुहरु विक्रि वितरण गर्ने पसलहरु संचालनको सम्बन्धमा नियमित रुपमा विभिन्न माध्यमबाट सूचनाहरु संकलन गरी रहेको छ। यस विपतको घडीमा नगर क्षेत्र भित्र संचालनमा रहेका खाद्यवस्तु, औषधी तथा अत्यावश्यक वस्तुहरु तोकिएको समयमा नियमित रुपमा विक्रि वितरण गर्नुहुन, सबै विक्रिको बील बिजक जारी गर्नुहुन, मूल्य सूची राख्नुहुन, कृतिम अभाव सृजना नगर्न, समय पुगेका वस्तुहरु विक्रि वितरण नगर्न र यस विषम् परिस्थितिमा उपभोक्तालाई सक्दो सहुलियत प्रदान गरिदिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछु।

मिति: २०७६ चैत्र ३० गते ।

पदमपाणी शर्मा
नगर प्रमुख